# लैंगिक तथा यौन दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९

- कार्यालय तथा कार्यालय स्थलमा लैङ्गिक हिंसा हुने किसिमको कुनै काम र ब्यबहार नगर्ने।
- कार्यालयमा जनप्रतिनिधि, कर्मचारीले काम गर्दा, सेवा प्रवाह गर्दा वा सेवा ग्राहीले सेवा ग्रहण गर्दा लैंगिक हिंसा हुने वातावरण सिर्जना गर्नु हुदैन ।
- कार्यालयले लैंगिक हिंसा हुन नदिन सजगता/संवेदनशीलता अपनाउनु पर्ने ।
- लैङ्गिक हिंसा विरुद्ध सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कार्यालय वा कार्यस्थलमा लैंगिक हिंसा हुन नदिन सेवाग्राही, कर्मचारी र व्यवस्थापन बीच निरन्तर सम्पर्क, सम्वाद र छलफल हुने व्यवस्था गर्ने ।
- लैंगिक हिंसा विरुद्ध जनचेतना जगाउन विद्यालय र समुदायमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आयआर्जन, सीप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरु सञ्चालन गर्ने र यस्ता क्रियाकलापहरु सञ्चालन गर्दा महिला कर्मचारी वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सहभागिता अभिवृद्धि गर्न सहुलियत वा प्रोत्साहन दिने ।
- कार्यालय वा कार्यास्थलमा लेख्दा, बोल्दा र व्यवहार गर्दा लैंगिक संवेदनशीलता र शिष्टाचारमा विचार गर्ने।
- महिला र पुरुषका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गर्ने ।
- कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन गर्ने ।
- लैङ्गिक असंवेदनशील/अपमानजनक शव्दको प्रयोग गर्न नहुने ।
- लैङ्गिक विभेदपूर्ण शव्द प्रयोग नगरी विभेदपूर्ण व्यवहारको नगर्ने।
- महिला प्रति लक्षित गरेर अस्वाभाविक तथा अभद्र व्यवहारहरु नगर्ने ।
- महिला तथा बाल बालिका प्रति सम्मानित र सकारात्मक व्यवहार गर्ने।
- महिला विरुद्द हिंसाजन्य व्यवहार तथा दुर्व्यवहार नगर्ने र गर्न नदिने ।
- महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई पीडादायक बोलीबचन र व्यवहार नगर्ने ।
- जैविक लिङ्गका कारण महिलाको महिनावारी, गर्भवती, प्रसुती र स्तनपानलाई सहज बनाउने गरी ब्यबहार र संरचना निर्माण गर्ने ।
- आ-आफ्नो जिम्मेवारी इमान्दारिता पूर्वक पुरा गर्ने र सेवा दिदा वा लिदा लैङ्गिक विभेद नगर्ने ।
- सवैमा सम्मान, सदभाव र सहयोगी व्यवहार गर्ने ।
- कार्यालयमा कसैले लैङ्गिक हिंसा वा दुर्व्यवहार गरेमा सम्वन्धित जिम्मेवार अधिकारी/व्यक्तिलाई जानकारी गराउने ।
- कार्यस्थलको वातावरण स्वस्थ्य, सुरक्षित, पारदर्शि र लैङ्गिक हिंसाको स्थिति उत्पन्न नहुने व्यवस्था गर्ने ।
- लैंगिक दुर्व्यवहार सामाजिक रुपमा अमानवीय र कानूनी रुपले दण्डनीय भएकोले त्यस तर्फ सबैले अनुसाशित रहने ।
- लैङ्गिक सम्मान/सद्भाव कायम गर्नु प्रत्येक नागरिकको कर्तव्य हो कर्तब्यको पालना गर्ने ।
- कार्यालयमा कुनैपनि प्रकारको लैङ्गिक हिंसा भएमा प्रचलित कानून बमोजिम कार्यबाही गर्ने ।
- लैंगिक हिंसागर्ने जो कोही उपर कारवाही गर्ने ।
- लैंगिक हिंसाका घटना घटेको पाइएमा छानवीन गरी दोषी उपर कारवाही गर्ने ।